# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

**मितिः १५ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- राष्ट्रले आज 79 ओ स्वतंत्रता दिवस मनाईरहेको छ। प्रधानमंत्री नरेन्द्र मोदीले दिल्लीमा ऐतिहासिक लालकिल्लामा राष्ट्रीय ध्वज फहराएर स्वतंत्रता दिवस समारोहको नेतृत्व गर्नुभयो।

- प्रधानमंत्रीले आगामी दीपावली ससम्म नेक्स्ट जेनेरेशन जीएसटि सुधार शुरू गरिने घोषणा गर्नुभयो ।

- मुख्यमंत्री ममता बनर्जीले 79 औ स्वतंत्रता दिवसको अवसरमा उत्कृष्ट योगदान दिने 6 जना पुलिस अधिकारिहरुलाई 'चीफ मिनिस्टर पुलिस मेडल' द्वारा सम्मानित गर्नुभयो।

- गोर्खाल्याण्ड क्षेत्रिय प्रशासन ईलाकामा आज धुमधाम अनि भव्य रूपमा उनासी औ स्वतंत्रता दिवस पालन गरियो।

- राष्ट्रिय राजमार्ग संख्या-10 आज साँझ 6 बजेदेखि 17 अगस्ट साँझ 6 बजेसम्मको लागि फेरि बन्द गरिएको छ|

<u>प्रधानमंत्री-स्वतंत्रता दिवस</u>

राष्ट्रले आज 79 ओ स्वतंत्रता दिवस मनाईरहेको छ। प्रधानमंत्री नरेन्द्र मोदीले दिल्लीमा ऐतिहासिक लालकिल्लामा राष्ट्रीय ध्वज फहराएर स्वतंत्रता दिवस समारोहको नेतृत्व गर्नुभयो। लालकिल्लाको प्राचीरबाट राष्ट्रलाई संबोधित गर्नुहुदै प्रधानमंत्रीले ऑपरेशन सिंदूरका बहादुर सैनिकहरुलाई नमन गर्नुभयो। ऑपरेशन सिंदूर देशका सशस्त्र बलहरुको साहस अनि शौर्यको सशक्त साक्ष्य रहेको उहाले बताउनुभयो। उहाले भन्नुभयो कि पहलगाम आतंकी हमलालाई लिएर देशका प्रतेक नागरिकमा आक्रोश थियो अनि ऑपरेशन सिंदूर उनीहरुको आक्रोश को नै अभिव्यक्ति थियो। उहाले भन्नुभयो - भारतले परमाणु हमलाको धमकी अब सहन गर्ने छैन। भारतले दुश्मनहरुलाई उचित जवाब दिनको लागि सशक्त हथियार प्रणाली - सुदर्शन चक्र मिशन शुरू गर्ने भएको उहाले अझ बताउनुभयो। प्रधानमंत्रीले आत्मनिर्भर भारतलाई विकसित भारतको आधार स्तंभ बताउदै रक्षा, प्रौद्योगिकी, ऊर्जा, अंतरिक्ष अनि विनिर्माण क्षेत्रहरुमा देशको प्रगतिको उल्लेख गर्नुभयो। श्री मोदीले भन्नुभयो कि उहाँ कृषकहरु अनि जालहारीहरुको हितको रक्षाको लागि डटेर बस्नुहुनेछ अनि देशले उनीहरुको हितहरु सित कहिले पनि कुनै समझौता गर्नेछैन। प्रधानमंत्रीले एक लाख करोड़ रुपियाँले प्रमुख रोजगार योजना शुरू गर्ने घोषणा गर्नुभयो। यस योजनाले देशका तीन करोड़ भन्दा अधिक युवाहरुलाई लाभ पुग्नेछ अनि स्वतंत्र भारतदेखि समृद्ध भारतसम्मको सेतु सशक्त हुनेछ। प्रधानमंत्रीले आगामी दीपावली सम्म नेक्स्ट जेनरेशन GST सुधार शुरू गरिने घोषणा गर्नुभयो।उहाले नेक्स्ट जेनरेशन सुधारहरु लागू गर्न एक प्रतिबद्ध सुधार कार्यदल बनाउने पनि घोषणा गर्नुभयो। उहाले सीमावर्ती क्षेत्रहरुमा घुसपैठ अनि अवैध प्रवासको कारण जनसंख्याको असंतुलनको खतराहरुको उजागर गर्नुभयो अनि एक उच्च अधिकार प्राप्त डैमोग्रेफी मिशन शुरू गरिने घोषणा गर्नुभयो। श्री मोदीले भारतको बजटको ठुलो हिस्सा आज पनि पेट्रोल, डीजल अनि गैस आयात माथि खर्च भैरहेको र समुद्री संसाधनहरुको उपयोगको लागि राष्ट्रीय मिशन बनाउने घोषणा गर्नुभयो।श्री मोदीले जोर दिंदै भन्नुभयो कि भारतको स्वतंत्रताको 100 ओ वर्षगांठ सम्म राष्ट्रको लक्ष्य परमाणु ऊर्जा क्षमतामा 10 गुना वृद्धि गर्नु , ऊर्जाको क्षेत्रमा आत्मनिर्भता बढाउनु अनि स्थायी विकासमा सहयोग पुर्याउनु रहेको छ।

भारतले यस बर्षको अन्त्य सम्ममा मेड इन इंडिया सेमीकंडक्टर चिप्स शुरू गर्नेछ जसले महत्वपूर्ण प्रौद्योगिकी क्षेत्रहरुमा देशको बढ़दो ताकतलाई दर्शाउद छ। प्रधानमंत्रीले भारतको आफ्नो अंतरिक्ष स्टेशनको लागि महत्वाकांक्षी योजनाहरुको घोषणा गर्नुभयो जो स्वदेशी अंतरिक्ष क्षमताहरुको एक नयाँ युगको संकेत हो। प्रधानमंत्री नरेन्द्र मोदीले बिगत 100 बर्षहरु देखि राष्ट्रको सेवा प्रति राष्ट्रीय स्वयंसेवक संघका स्वयंसेवकहरुको प्रतिबद्धताको सराहना गर्नुभयो अनि हजारौ स्वयंसेवकहरुले **व्यक्ति निर्माण देखि राष्ट्र निर्माणको** संकल्प सित देशको लागि आफ्नो जीवन समर्पित गरेको बताउनुभयो।यस भन्दा पुर्ब प्रधानमंत्री मोदी

राजघाट गएर राष्ट्रपिता महात्मा गांधीलाई श्रद्धांजलि अर्पित गर्नुभयो।

## स्वतंत्रता दिवस- मुख्यमंत्री

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले 79 औ स्वतंत्रता दिवसको अवसरमा कोलकाताको रेड रोडमा राष्ट्रीय झन्डा फहराउनुभयो। समारोहमा नेताजी सुभाषचंद्र बोसको प्रतिमामा माल्यार्पण, गार्ड ऑफ ऑनर अनि पुलिस अधिकारिहरुलाई सम्मानित गरिए पछि भव्य कूच परेड आयोजित भयो। मुख्यमंत्रीले कार्यमा उत्कृष्ट योगदान दिने 6 जना पुलिस अधिकारिहरुलाई ‘चीफ मिनिस्टर पुलिस मेडल’ द्वारा सम्मानित गर्नुभयो। ‘आउटस्टैंडिंग सर्विस’ श्रेणीमा यो सम्मान मालदा रेंजका आईजी दीप नारायण गोस्वामी, गोरव शर्मा, मिराज खालिद अनि देवस्मिता दासलाई प्रदान गरिएको छ भने ‘कमेंडेबल सर्विस’ श्रेणीमा झाड़ग्रामका पुलिस अधीक्षक अरिजीत सिन्हा अनि बांकुड़ाका एसआई ईश्वर सोरेनलाई सम्मानित गरियो।

## जीटिए स्वतंत्रता दिवस

गोरखाल्याण्ड क्षेत्रिय प्रशासन इलाकामा आज धुधाम र भव्य रूपमा ७६ औं स्वतंत्रता दिवस पालन गरियो। यस अवसमा ऐतिहासिक कार्यक्रम कालेबुङ मेला टारमा आयोजित गरियें जहाँ हजारौं को संख्यमा मानिसहरू उपस्थित थिए। कालेबुङ तथा वरिपरिका विध्यालयहरूद्वारा कालेबुङका प्रमुख सड़कहरू हुदै मार्च पास्ट गर्दै विध्यार्थीळरू मेला ग्रउण्ड मैदानमा प्रवेश गरे। स्थानीय विधायक रूदेन सादाले राष्ट्रिय झण्डा उत्तेली गरेपछि राष्अ्र राष्ट्र गानका साथ भव्य परेड आरम्भ भयो। परेडमा सर्वोतम प्रदर्शन प्रणामी बालिका विधा मन्दिरको रहयो। यस अवसरमा रंगारंग कार्यक्रमहरू पनि प्रस्तुत गरियो। मध्यान्न पछि स्वतंत्रता दिवस शहीद कप फूटबल फाईनल खेल भयो। रोमांचक प्रतिस्पर्धा बीच कालगुङ पुलिस विजयी भयो। यसरीनै दार्जीलिङमा आयोजित स्वतंत्रता दिवस समारोहमा जिल्ला शासक प्रीति गोयलले तिरंगा फहराउनु भयो। यस अवसरमा बोल्दै उहाँले भन्नुभयो-

यसरीनै मिरिकको खेल मैदानमा आयोजित भव्य स्वतंत्रता दिवस समारोहमा मुख्य अतिथिको रूपमा जीटिए का प्रमुख कार्यपाल अनित थपा उपस्थित थिए। उहाँले राष्ट्रिय झण्डा उत्तेलन गर्नुभयो तथा भव्य परेडको सलामी लिनु भयो। परेडमा विभिन्न विध्यालयहरू अनि एनसीसी कैडेटहरूले भाग लिएका थिए। यसैगरी खरसांगको मन्टिभियट खेल मैदानमा भव्य स्वतंत्रता दिवस समारोह सम्पन्न भयो जसमा शहरका सबै विध्यालयहरूले सहभागिता जनाए तथा रंगारंग कार्यक्रम भव्य परेडका साथ प्रस्तुत गरे। यसरीनै पाहाड़का प्रायः सबै खण्डहरूमा विभिन्न संध-संस्थानहरूले तिरंगा झण्डा फहराएर स्तंत्रता दिवस पालन गरेको समाचार छ।

## जितेन कुमार रोय

आकाशवाणी खरसांगमा भव्य रूपले स्वतंत्रता दिवस पालन गरियो। यस अवसरमा आकाशवाणी क्लस्अर प्रमुख श्री जितेन रोयले राष्ट्रिय झण्डा उत्तेलन गर्नुभयो। उहाँले ७६ औं स्वतंत्रता दिवसमा आकाशवाणीका सबै श्रोताहरूलाई बधाई र शुभकामना दिंदै दशको एकता र अखण्डतालाई अक्षुण राख्नु सबैको कर्त्तव्य हो भनी बताउनु भयो।

## एन.एच- १० बन्द

राष्ट्रिय राजमार्ग संख्या-१० आज साँझ ६ बजी देखि १७ अगस्त साँझ ६ बजे सम्म को लागि फेरी बन्द गरिएको छ। एन.एचआई.डी.सी.एल द्वारा जारी विज्ञप्तीमा सेवोकको कोरोनेशन पुल देखि चित्रे सम्मको राजमार्ग कैंयन ठाउँहरूमा धेरै जोखिममा पर्न गएकोले सबै प्रकारको वाहनहरूका लागि सावधानीको तवरमा यसलाई पूर्ण रूपले बन्द गरिएको छ। यधपि सिक्किम तथा कालेबुङ जानेहरूले जिल्ला प्रश्यासनको निर्देश अनुसार वैकल्पिक मार्ग अपनाएर सिक्किम अथवा कालेबुङ जान सक्ने छन् भनी विज्ञप्तीमा बताईएको छ। विगत केही दिनदेखि पहाड़मा अविरल वर्षाले गर्दा तिस्ता नदी खतराको चिनो भन्दा माथि बगेकोले धेरै ठाउँमा राजमार्ग भत्केर नदीमा समाहित भएको छ।

**<u>कन्या श्री दिवस</u>**

पश्चिम बंगालमा आज

**<u>सी.एम पत्राचार</u>**

राज्यकी मुख्यमंत्री सुश्री

**<u>श्रृंगला- स्वागत</u>**

भारतका पूर्व विदेश सचिव

**<u>पैह्रोको जोखिममा कतिपय घर</u>**

मिरिकमा लगातार

****** ० ******